# ↔कृषि विकास बैङ्क ऐन, २०२४

लालमोहर र प्रकाशन मिति

२०२४।७।६

संशोधनः

| | | |
|---|---|---|
| (१) | कृषि विकास बैङ्क (पहिलो संशोधन) ऐन, २०२८ | २०२८।६।६ |
| (२) | कृषि विकास बैङ्क (दोस्रो संशोधन) ऐन, २०३० | २०३०।५।१५ |
| (३) | कृषि विकास बैङ्क (तेस्रो संशोधन) ऐन, २०३३ | २०३३।६।१० |
| (४) | कृषि विकास बैङ्क (चौथो संशोधन) ऐन, २०४२ | २०४२।५।१२ |
| (५) | न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| (६) | कृषि विकास बैङ्क (पाँचौ संशोधन) ऐन, २०४६ | २०४६।७।११ |
| (७) | अर्थसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४७ | २०४७।८।२७ |

**२०२४ सालको ऐन नं. २५**

**कृषि विकास बैङ्कको स्थापना र व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना** : राष्ट्रको कृषि विकासमा अझ बढी गतिशीलता ल्याई सर्वसाधारण जनताको आर्थिक हित र सुविधा कायम गर्न आवश्यक भएको, र कृषि क्षेत्रलाई पूंजी तथा ऋण उपलब्ध गराउन तत्काल कायम रहेको सहकारी बैङ्कलाई समेत मिलाइ एउटा प्रभावकारी कृषि विकास बैङ्कको स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन वनाईबक्सेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम “कृषि विकास बैङ्क ऐन, २०२४” रहेकोछ ।

↔ बैक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ द्वारा खारेज ।

नेपाल कानून आयोग

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।[१]

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "बैंङ्क" भन्नाले यो ऐन अन्तर्गत स्थापित कृषि विकास बैङ्क सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले बैङ्कको सञ्चालक समिति सम्झनु पर्छ ।

(ग) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र यो शब्दले अध्यक्षलाई समेत जनाउँछ ।

(घ) "महाप्रबन्धक" भन्नाले बैंङ्कको महाप्रबन्धक सम्झनु पर्छ ।

(ङ) "राष्ट्र बैंङ्क" भन्नाले नेपाल राष्ट्र बैंङ्क ऐन, २०१२ अन्तर्गत स्थापित नेपाल राष्ट्र बैङ्क सम्झनु पर्छ ।

[२](च) "वाणिज्य बैंङ्क" भन्नाले वाणिज्य बैंङ्क ऐन, २०३१ अन्तर्गत स्थापित वाणिज्य बैंङ्क सम्झनु पर्छ र सो शब्दले सो ऐनबमोजिम काम गर्ने गरी दर्ता भएको अन्य विदेशी वाणिज्य बैङ्क समेतलाई सम्झनु पर्छ ।

[३](छ) "साझा संस्था" भन्नाले साझा संस्था ऐन, २०४१ बमोजिम दर्ता भएका साझा संस्था वा जिल्ला साझा संघ वा राष्ट्रिय साझा संघ सम्झनु पर्छ ।

(ज) "शेयर" भन्नाले बैंङ्कको शेयर सम्झनु पर्छ ।

(झ) "शेयर धनी" भन्नाले बैंङ्कको शेयर खरीद गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ञ) "डिवेञ्चर" भन्नाले बैंङ्कको जायज्यथा धितो वा जमानत राखी बैंङ्कले जारी गरेको ऋणपत्र सम्झनु पर्छ ।

[४](ट) "कृषि विकास" भन्नाले कृषि उत्पादनलाई चाहिने साधन र सुविधाहरू उपलब्ध गराउने, उत्पादित वस्तुको संरक्षण, प्रशोधन र बेचबिखन गर्न आवश्यक पर्ने साधन उपलब्ध गराउने, कृषि उद्योग स्थापना र सञ्चालनका

---

१ यो ऐन २०२४।१०।७ देखि प्रारम्भ भएको -(नेपाल राजपत्र मिति २०२४।११।७)

२ तेस्रो संशोधनद्वारा संशोधित ।

३ पाँचौं संशोधनद्वारा संशोधित ।

४ चौथो संशोधनद्वारा संशोधित ।





नेपाल कानून आयोग

लागि ऋण दिने, पशुपंछी, माछा, मौरीपालन र तत्सम्बन्धी वस्तुको संरक्षण, प्रशोधन र बेचबिखन गर्न, साधन उपलब्ध गराउने, मोहीलाई जग्गा खरीद गर्न, उर्जा विकास गर्न, निजी वन विकास गर्न, जग्गा विकास गर्न, पेशागत सेवा कार्य सञ्चालनका लागि चाहिने सामान, साना किसान कार्यक्रम तथा घरेलु उद्योग [५]र ग्रामिण विकास सम्बन्धी कार्यक्रमका लागि प्राविधिक सल्लाह लगायत अन्य आवश्यक साधन उपलब्ध गराउने कार्यलाई सम्झनु पर्छ ।

(ठ) "सूचित आदेश" भन्नाले श्री ५ को सरकारले नेपाल राजपत्रमा प्रकाशित गरी जारी गरेको आदेश सम्झनु पर्छ ।

(ड) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

[६](ढ) "ग्राम समिति" भन्नाले भूमिसम्बन्धी ऐन, २०२१ अन्तर्गत गठित ग्राम समिति सम्झनु पर्छ ।

[७](ण) "मोही" भन्नाले भूमिसम्बन्धी ऐन, २०२१ अन्तर्गतको मोही सम्झनु पर्छ ।

[८](त) "साना किसान" भन्नाले समितिले आर्थिक मापदण्डको आधारमा समय समयमा साना किसान भनी तोकेका किसान वा त्यस्ता किसानको समूहलाई सम्झनु पर्छ ।

## परिच्छेद - २

## बैंङ्कको स्थापना, पूँजी र व्यवस्था

३. **बैंङ्कको स्थापना** : (१) कृषि विकास बैंङ्क नामको एक बैंङ्क स्थापना हुनेछ ।

(२) बैंङ्क अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ । यसले यो ऐन र प्रचलित नेपाल कानूनको अधीनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र बेचबिखन गर्न सक्नेछ । यसले आफ्नो नामबाट नालेस उजूर गर्न सक्नेछ र यस उपर पनि सोही नामबाट नालेस उजूर लाग्न सक्नेछ ।

---

५ पाँचौं संशोधनद्वारा थप ।
६ दोस्रो संशोधनद्वारा थप ।
७ दोस्रो संशोधनद्वारा थप ।
८ चौथो संशोधनद्वारा थप ।



नेपाल कानून आयोग

(३) बैंङ्कको एक छुट्टै छाप हुनेछ ।

४. **शेयर पूँजी र त्यसको निष्काशन** : (१) बैंङ्कको अधिकृत पूँजी ५ करोड रुपैयाँको हुनेछ । सो रकमलाई एक एक सय रुपैयाँको जम्मा ५ लाख शेयरमा विभाजित गरिनेछ ।

तर श्री ५ को सरकारको पूर्व स्वीकृतिलिई बैंङ्कको चुक्ता शेयर पूँजी आवश्यकतानुसार शेयर बिक्री गरी उठाइनेछ । बैंङ्कको अधिकृत शेयर पूँजी श्री ५ को सरकारको पूर्व स्वीकृति लिई बढाउन सकिनेछ ।

(२) बैंङ्कको चुक्ता शेयर पूँजीको कम्तीमा ५१ प्रतिशत हुने गरी श्री ५ को सरकारले शेयर किन्नेछ र बाँकी शेयर राष्ट्र बैंङ्क र साझा संस्थाहरूलाई किन्ने प्राथमिकता दिई सर्वसाधारण जनता वा प्रचलित नेपाल कानूनबमोजिम संगठित संस्थालाई तोकिएबमोजिम बिक्री वितरण गरिनेछ ।

(३) प्रत्येक शेयर अविभाज्य हुनेछ ।

[९](४) बैंङ्कबाट [१०]दश हजार रुपैयाँ भन्दा बढी रकम ऋण प्राप्त गर्ने व्यक्तिले कमसेकम बैंङ्कको एक शेयर किनेको हुनु पर्दछ । आवश्यक परे त्यस्तो शेयर किन्नेलाई चाहिने रकम बैंङ्कबाट दिइने ऋण रकममध्येबाटै कट्टा गरी मिलाउन सकिनेछ ।

[११]तर साना किसान तथा साना किसान समूह, ग्राम समिति, साझा संस्था वा संघले ऋण लिंदा शेयर खरीद गर्नु नपर्ने गरी तोक्न सक्नेछ ।

(५) तोकिएबमोजिम शेयर बिक्री गर्ने वा धितो बन्धक राख्न सकिनेछ ।

५. **डिबेञ्चर जारी गर्न सकिने** : (१) बैंङ्कको कारोबार गर्न पूँजी अपर्याप्त भएमा श्री ५ को सरकारको पूर्व स्वीकृति लिई बैंङ्कले डिबेञ्चर जारी गर्न सक्नेछ ।

(२) श्री ५ को सरकारले उपदफा (१) बमोजिमको स्वीकृति दिनु भन्दा अघि राष्ट्र बैंङ्कसित परामर्श गर्नेछ ।

---

९ पहिलो संशोधनद्वारा संशोधित ।

१० चौथो संशोधनद्वारा संशोधित ।

११ चौथो संशोधनद्वारा थप ।



नेपाल कानून आयोग

[१२]**५क. आर्थिक सहायता वा ऋण लिन सकिने** : बैंङ्कको कारोबार गर्न पूँजीको कमी भएमा बैंङ्कले आर्थिक सहायता वा ऋण वा पुनः ऋण लिन सक्नेछ ।

तर विदेशी सरकार वा विदेशी संस्था वा अन्तर्राष्ट्रिय संस्थाबाट त्यस किसिमको आर्थिक सहायता वा ऋण वा पुनः ऋण लिनका लागि बैंङ्कले श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

६. **शेयरधनीको हक र दायित्व** : (१) शेयरधनीले आफूले खरीद गरी लिएको प्रत्येक शेयरको एकमत दिन पाउनेछ ।

(२) शेयर धनीले आफ्नो मत प्रतिनिधिद्वारा पनि तोकिएबमोजिम दिन सक्नेछ ।

(३) बैंङ्कको ऋण दायित्वहरूका सम्बन्धमा प्रत्येक शेयरधनीको व्यक्तिगत दायित्व निजले खरीद गरेको शेयरसम्म सीमित रहनेछ ।

७. **शेयरधनीहरूको दर्ता किताब** : बैंङ्कले शेयरधनीहरूलाई शेयरको प्रमाणपत्र दिनेछ र त्यसको तोकिएबमोजिमको ढाँचाको दर्ता किताब आफ्नो मुख्य कार्यालयमा राख्नु पर्छ ।

८. **बैंङ्कको मुख्य कार्यालय [१३]र अन्य कार्यालयहरू** : (१) बैंङ्कको मुख्य कार्यालय काठमाडौंमा रहनेछ ।

[१४](२) राष्ट्र बैंङ्कको स्वीकृति लिई बैंङ्कले आफ्नो शाखा, उपशाखा वा अन्य कार्यालयहरू खोल्न, स्थानान्तर गर्न वा बन्द गर्न सक्नेछ ।

[१५]........................

[१६](३) बैंङ्कलाई राष्ट्र बैंङ्कले मनासिव देखेको स्थानमा शाखा, उपशाखा वा अन्य कार्यालय खोल्न, स्थानान्तर गर्न वा बन्द गर्न निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनलाई कार्यान्वयन गर्नु बैंङ्कको कर्तव्य हुनेछ ।

---

१२ पहिलो संशोधनद्वारा थप ।
१३ पाँचौं संशोधनद्वारा संशोधित ।
१४ पाँचौं संशोधनद्वारा संशोधित ।
१५ अर्थसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४७ द्वारा झिकिएको ।
१६ पाँचौं संशोधनद्वारा थप ।



नेपाल कानून आयोग

९. **समितिको गठन र सञ्चालकको पदावधि** : [१७](१) बैंङ्कको देहाय बमोजिमको सदस्यहरू भएको एक सञ्चालक समिति हुनेछ :-

(क) राष्ट्र बैंङ्कले मनोनित गरेको एकजना प्रतिनिधि,

(ख) श्री ५ को सरकारले मनोनित गरेको साझा संस्थाको एकजना प्रतिनिधि,

(ग) श्री ५ को सरकारले शेयर धनीहरूमध्येबाट मनोनित गरेको एकजना प्रतिनिधि,

(घ) खाद्य, कृषि तथा सिंचाई मन्त्रालयको एकजना प्रतिनिधि,

(ङ) भूमि सुधार मन्त्रालयको एकजना प्रतिनिधि,

(च) अर्थ मन्त्रालयको एकजना प्रतिनिधि, र

(छ) बैंङ्कको महाप्रबन्धक ।

(२) सञ्चालकहरूमध्येबाट श्री ५ को सरकारले एकजना अध्यक्ष मनोनयन गर्नेछ ।

[१८](३) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यको कार्यावधि दुई वर्षको हुनेछ ।

[१९](४) उपदफा (१) को खण्ड (क), (घ), (ङ) र (च) बमोजिमका सदस्यको कार्यावधि निजको प्रतिनिधित्व गर्ने कार्यालयले प्रतिनिधि कायम राखेसम्मको हुनेछ ।

[२०](५) पदावधि समाप्त हुनुभन्दा अगावै कुनै सञ्चालकको पद रिक्त भई सो पदमा मनोनित हुने सञ्चालकको मनोनयन साविकवालाको बाँकी अवधिको निमित्त हुनेछ ।

(६) यो ऐनबमोजिम बैंङ्कले गर्ने काम कारवाई बैंङ्कको नाममा समितिले गर्नेछ ।

[२१](७) समितिको सचिवको काम समितिले तोकेको व्यक्तिले गर्नेछ ।

---

१७ तेस्रो संशोधनद्वारा संशोधित ।
१८ तेस्रो संशोधनद्वारा संशोधित ।
१९ तेस्रो संशोधनद्वारा संशोधित ।
२० दोस्रो संशोधनद्वारा संशोधित ।

१०. **सञ्चालकको निमित्त अयोग्यता** : देहायको कुनै व्यक्ति सञ्चालकको पदमा मनोनित [२२]........ हुन वा सो पदमा बहाल रहन सक्ने छैन :-

(क) एक्काइस वर्ष उमेर नपुगेको व्यक्ति,

[२३](ख) बैंङ्कको महाप्रबन्धक बाहेक बैंङ्कको कर्मचारीको रूपमा बहाल रहेको व्यक्ति,

(ग) ऋण तिर्न नसकी साहुको दामासाहीमा परेको व्यक्ति,

(घ) मगज बिग्रिएको भन्ने स्वीकृत चिकित्सकले निस्सा गरी दिएको व्यक्ति,

(ङ) नैतिक पतनको अभियोगमा अदालतबाट सजाय पाएको व्यक्ति,

(च) बैंङ्कसित ठेक्का पट्टा वा कारोबार गरी रहने कुनै कम्पनीको साझेदार वा सञ्चालक, वा

(छ) गैर-नेपाली नागरिक ।

११. **सञ्चालकको पद रिक्त हुने अवस्था** : (१) देहायको अवस्थामा सञ्चालकको पद रिक्त मानिनेछ :-

(क) दफा १० मा किटिएको कुनै अयोग्यता भएमा, वा

(ख) पूर्व अनुमति बिना समितिको बैठकमा लगातार ३ पटक अनुपस्थित भएको कारण बेमुनासिब छ भनी समितिले निर्णय गरेमा, वा

(ग) सञ्चालकको पदबाट दिएको राजीनामा समितिबाट स्वीकृत भएमा, वा

[२४](घ) दफा ९ को उपदफा (१) को खण्ड (ख) र (ग) को सदस्यको हकमा श्री ५ को सरकारले हटाउने निर्णय गरेमा ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको निर्णय गर्नुभन्दा अघि सम्बन्धित सञ्चालकलाई आफ्नो सफाइ पेश गर्ने मुनासिब माफिकको मौका दिइनेछ ।

---

२१ तेस्रो संशोधनद्वारा संशोधित ।

२२ दोस्रो संशोधनद्वारा झिकिएको ।

२३ तेस्रो संशोधनद्वारा संशोधित ।

२४ तेस्रो संशोधनद्वारा संशोधित ।





नेपाल कानून आयोग

१२. **समितिको कर्तव्य र अधिकार** : (१) यो ऐनबमोजिम बैंङ्कको कर्तव्यको पालन र अधिकारको प्रयोग गर्नु र बैंङ्कको सामान्य प्रशासनको सञ्चालन, निर्देशन र नियन्त्रण गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) समितिले आफूले प्रयोग गर्न पाउने अधिकारहरूमध्ये सबै वा केही अधिकारहरू कुनै सञ्चालक, उपसमिति, महाप्रबन्धक वा बैंङ्कका अरू कर्मचारुहरूलाई सुम्पन सक्नेछ ।

१३. **समितिको बैठक** : (१) समितिको बैठकको कार्यविधि तोकिएबमोजिम हुनेछ ।

(२) समितिको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिले आफू मध्येबाट छानेको व्यक्तिले गर्नेछ ।

(३) कमसेकम दुई तिहाई सदस्य उपस्थित नभई बैठक चालू हुने छैन ।

(४) बैठकमा उपस्थित सञ्चालकहरूको बहुमतले गरेको निर्णय समितिले गरेको निर्णय मानिनेछ । कुनै प्रस्तावको पक्ष र विपक्षमा बराबर मत आएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ ।

(५) कुनै सञ्चालकले आफ्नोनिजी स्वार्थ भएको कुनै प्रस्ताव उपर बैठकमा छलफल हुँदा सो बैठकमा सो सदस्यले भाग लिन वा मत दिन पाउने छैन ।

(६) प्रत्येक बैठकमा उपस्थित भएका सञ्चालकहरूको नाम, छलफलको निमित्त राखिएको विषय सूची, छलफल भएका विषयहरू र बैठकको निर्णय र तत्सम्बन्धी अन्य आवश्यक कुराहरू एउटा छुट्टै किताबमा छोटकरीमा लेखी राख्नु पर्छ ।

नेपाल कानून आयोग

१४. **सञ्चालकको पारिश्रमिक** : सञ्चालकको पारिश्रमिक तोकिएबमोजिम हुनेछ ।

१५. **महाप्रबन्धकको नियुक्ति र सेवाको शर्तहरू** : (१) समितिले एक महाप्रबन्धकको नियुक्ति गर्नेछ । निजको कार्यकाल नियुक्तिको मितिले ५ वर्षको हुनेछ ।

(२) महाप्रबन्धक बैंङ्कको मुख्य कार्याधिकारी हुनेछ र समितिका निर्णयहरू लागू गर्ने र यस ऐनमा लेखिएबमोजिम बैंङ्कको काम कारवाई भए नभएको रेखदेख र नियन्त्रण गर्ने कामको निमित्त समिति प्रति उत्तरदायी हुनेछ ।

(३) महाप्रबन्धकको सेवाको शर्तहरू तोकिएबमोजिम हुनेछ ।

१६. **कर्मचारीहरूको नियुक्ति** : (१) बैंङ्कले आफ्नो काम कारोबार सुचारुरूपले सञ्चालन गर्न आवश्यकतानुसार कर्मचारी र सल्लाहकार नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गत नियुक्त भएका व्यक्तिहरूको सेवाको शर्तहरू तोकिएबमोजिम हुनेछन् ।

१७. **गोपनियता र इमान्दारीको शपथ ग्रहण गराउने** : (१) बैंङ्कका कुनै पदाधिकारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा थाहा पाएको कुनै कुरा अनधिकृत व्यक्तिलाई थाहा दिनु हुँदैन ।

(२) बैंङ्कमा सर्वप्रथम नियुक्त भएका प्रत्येक सञ्चालक तथा कर्मचारीले आफ्नो ओहदाको काम शुरु गर्नुभन्दा अगावै तोकिएबमोजिम गोपनीयता र इमानदारीको शपथ ग्रहण गर्नु पर्छ ।

## परिच्छेद-३

## बैंङ्कको नीति, काम कर्तव्य, अधिकार र सुविधा

[२५]१८. **बैंङ्कको सिद्धान्त, नीति र कामहरू** : (१) बैंङ्कले यो ऐन अन्तर्गत कार्य सम्पादन गर्दा मूलतः कृषि विकासको अनुकूल व्यापारिक सिद्धान्त र नीतिको अनुसरण गर्नु पर्छ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी बैंङ्कले देहायका कामहरू गर्न सक्नेछ :-

(क) कुनै कम्पनी, व्यक्ति, साझा संस्था वा ग्राम समितिलाई कृषि विकासको लागि अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन ऋण दिने,

(ख) कृषि विकासका लागि आवश्यक साना सिंचाई आयोजना र प्रविधि विकासको लागि ऋण तथा अन्य आवश्यक साधनहरू उपलब्ध गराउने,

(ग) शिक्षित बेरोजगारलाई ऋण उपलब्ध गराउने,

(घ) वाणिज्य बैंङ्क वा अन्य वित्तीय संस्थाहरूसँग मिली सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारिपासु) गरी

२५ पाँचौं संशोधनद्वारा संशोधित ।





नेपाल कानून आयोग

आपसमा भएको सम्झौता अनुसार संयुक्त रूपमा ऋण दिने र बैंङ्कले पास गरी लिएको धितोलाई ऋण असूलीको अनुपातमा फुकुवा गर्दै जाने,

(ङ) उपभोक्ता ऋण दिने,

(च) कृषिजन्य घरेलु तथा साना उद्योग स्थापना र सञ्चालनको लागि ऋण दिने,

(छ) मोहीलाई आफूले मोहियानी हक पाई जोती आएको जग्गा खरीद गर्न सहुलियत ब्याज दरमा ऋण दिने,

(ज) बैंङ्कको स्वामित्वमा रहेको अचल सम्पत्ति भाडामा दिने वा अन्य कार्यमा लगाउने,

(झ) सर्वसाधारण जनतालाई सामान्य बैंकिङ्ग सुविधा पुऱ्याउन राष्ट्र बैंङ्कको स्वीकृति लिई वाणिज्य बैंङ्क ऐन, २०३१ को अधीनमा रही बैंकिङ्गसम्बन्धी काम गर्ने,

(ञ) बैंङ्कको उद्देश्य पूरा गर्न समय समयमा समितिको सल्लाह लिई श्री ५ को सरकारले तोकिदिएका अन्य कामहरू गर्ने ।

(३) बैंङ्कले कुनै खास उद्देश्य प्राप्तिको लागि ऋणको किसिमहरू ऋण लगानीका विशेष शर्तहरू तथा ऋण लगानीको हद तोक्न आवश्यक परेमा त्यस्ता शर्तहरू, ऋणका किसिमहरू तथा ऋण लगानीका हद तोक्न सक्नेछ ।

(४) बैंङ्कले ऋण दिंदा बैंङ्कलाई मान्य हुने किसिमको धितो लिई ऋण लगानी गर्नेछ ।

तर देहायका अवस्थामा बैंङ्कले बिना धितो ऋण लगानी गर्न सक्नेछ :-

(क) साझा संस्था वा ग्राम समितिलाई ऋण लगानी गर्दा,

(ख) पेशागत उत्थानको लागि शिक्षित बेरोजगारलाई ऋण दिंदा,

(ग) बैंङ्कलाई ऋण, अनुदान वा सहयोग उपलब्ध गराउने निकायसँग सम्झौतामा उल्लेख भएबमोजिम ऋण लगानी गर्दा ।



नेपाल कानून आयोग

(५) बैंङ्कले ऋण दिंदा लिएको धितोको पुनः मूल्याङ्कन गरी सो धितोले खामेसम्मको थप ऋण लगानी गर्न सक्नेछ ।

(६) बैंङ्कले कुनै खास उद्देश्यको लागि ऋण लगानी गर्दा त्यस्तो ऋणबाट जोडिएको सम्पत्ति नै धितोलिई ऋण लगानी गर्न सक्नेछ ।

(७) ऋणीले काबुबाहिरको परिस्थितिले गर्दा निर्दिष्ट समयभित्र ऋण लगानीको उद्देश्य पूरा गर्न नसकेको कारण बैंङ्कले मनासिब ठहराएमा बैंङ्कले अघि गरेका लगानीका शर्तहरूमा परिवर्तन गरी ऋण रकम फिर्ता गर्ने म्याद थप गर्न, थप ऋण दिन वा बैंङ्कले उपयुक्त ठहराएको अन्य कुरा गर्न सक्नेछ ।

[२६]**१८क.** **<u>साना किसान तथा साना किसान समूहलाई ऋण दिने विशेष व्यवस्था</u>** : (१) साना किसान तथा साना किसान समूहलाई बैंङ्कले व्यक्तिगत वा सामूहिक उत्तरदायित्वमा पूरै वा आंशिक धितो-बन्धक लिई वा नलिई समितिले तोके बमोजिमको ऋण दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम साना किसान वा किसान समूहले सामूहिक उत्तरदायित्वमा लिएको ऋणमध्ये कसैले दामासाहीले आफ्नो हिस्सामा परेको ऋणको साँवा ब्याज नतिरेमा दफा २०क. को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कार्यविधि अपनाइ ऋण असूलउपर गर्न सकिनेछ :-

(क) जुन परियोजनाको लागि ऋण लिएको हो सो परियोजनाबाट निजले प्राप्त गरेको वा गर्ने आर्जनबाट असूलउपर गर्ने,

(ख) खण्ड (क) बमोजिम असूलउपर हुन नसकेमा निजको घर घरानाबाट असूल उपर गर्ने ।

(ग) खण्ड (ख) बमोजिम पनि असूलउपर हुन नसकेमा ऋण लिंदा राखेको धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी असूल उपर गर्ने ।

**१९.** **<u>आर्थिक स्रोतको उपयोग</u>**: बैंङ्कले निम्नलिखित आर्थिक स्रोतहरूको उपयोग वा परिचालन गर्न सक्नेछ :-

(क) कुनै किसिमले बैंङ्कमा रहन आएको वा आउने डिपोजिट,

---

२६ चौथो संशोधनद्वारा थप ।



नेपाल कानून आयोग

(ख) अनुदानको रूपमा प्राप्त हुने पूँजी वा श्री ५ को सरकारको पूर्व स्वीकृति लिई प्राप्त गरेको ऋण,

(ग) बैंङ्कको शेयर, डिवेञ्चर र बण्ड बिक्रीबाट प्राप्त रकम,

[२७](घ) अन्य बैंङ्क वा वित्तीय संस्थाबाट लिईने ऋण,

[२८](ङ) कुनै वित्तीय संस्था विघटित भई त्यसको जायज्यथा दायित्व समेत बैंङ्कमा गाभिन आएमा सो संस्थाको जायज्यथा ।

२०. **बैंङ्कलाई छुट र सुविधा** : अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैंङ्कलाई तल लेखिए बमोजिमको छुट र सुविधा प्राप्त हुनेछ :-

(क) बैंङ्कसित गरिने कुनै किसिमको कारोबारको कुनै लिखत रजिष्ट्रेशन गर्नु पर्ने छैन ।

(ख) शेयरहरूको बिक्री वितरण वा हस्तान्तरणसम्बन्धी लिखत लगायत बैंङ्कसित सम्बन्धित कुनै किसिमको लिखतमा टिकट वा अन्य दस्तूर लाग्ने छैन ।

(ग) बैंङ्कले दिने कर्जाको अवधि सम्बन्धमा प्रचलित नेपाल कानूनको हदम्याद लागू हुने छैन ।

(घ) बैंङ्कले दिएको कर्जा सदुपयोग भएको छ छैन भनी तोकिएबमोजिम जाँचबुझ गराउन सक्नेछ र यस्तो जाँचबुझको प्रतिवेदन प्रमाण मानिनेछ ।

(ङ) [२९]..................

[३०](च) बैंङ्कले लिने वा दिने ऋणको ब्याज दर नेपाल राष्ट्र बैंङ्कले तोकेबमोजिम हुनेछ ।

[३१](छ) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैंङ्कले लिएको धितो बैंङ्कको साँवा ब्याज चुक्ता नहुञ्जेलसम्मका लागि, जसको हकको चल अचल सम्पत्ति जुन रूपमा धितो लिएको छ, दर्ता बैंङ्कका नाममा नभए तापनि सो धितो लिएको चल अचल सम्पत्तिमा धितो दिनेलाई वा धितो दिन मञ्जूर गरी दिनेलाई भएको सम्पूर्ण हकमा बैंङ्कको स्वामित्व कायम रहनेछ ।

---

२७ पहिलो संशोधनद्वारा थप ।
२८ दोस्रो संशोधनद्वारा थप ।
२९ पहिलो संशोधनद्वारा खारेज ।
३० पहिलो संशोधनद्वारा संशोधित ।
३१ तेस्रो संशोधनद्वारा थप ।

[३२]२०क. **सम्झौता वा शर्त कबुलियत उल्लंघन गरेमा बैंङ्कको अधिकार** :(१) कुनै व्यक्ति, उद्योग, ग्राम समिति वा संगठित संस्थाले बैंङ्कसँग भएको कर्जाको सम्झौता वा शर्त कबुलियतको पालन नगरेमा सो व्यक्ति, उद्योग, ग्राम समिति वा संगठित संस्थाले बैंङ्कसँग राखेको धितोलाई बैंङ्कले बिक्री वा लिलाम वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा ब्याज असूल उपर गर्न सक्नेछ ।

(२) कर्जा लिने व्यक्ति, उद्योग, ग्राम समिति वा संगठित संस्थाले बैंङ्कसित धितोराखेको जायज्यथामा कुनै किसिमले हक छोडिदिई वा त्यस्तो व्यक्ति, उद्योग, ग्राम समिति वा संगठित संस्थाले अरू कुनै काम कारवाईबाट बैंङ्कसित धितो राखेको जायजेथाको मोल घट्न गएमा प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैंङ्कले त्यस्तो व्यक्ति, उद्योग, ग्राम समिति वा संगठित संस्थाबाट त्यसरी घट्न गएको मोल जतिको अरू जायजेथा धितो राख्न लगाउन सक्नेछ । बैंङ्कले तोकेको म्यादभित्र कर्जा लिने व्यक्ति, उद्योग, ग्राम समिति वा संगठित संस्थाले त्यसरी धितो राख्न नसकेमा बैंङ्कले आफ्नो सावाँ ब्याज बैंङ्कमा धितो राखेको जायजेथाबाट लिलाम बिक्री गरी वा अरू कुनै व्यवस्था गरी असूल उपर गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम बैंङ्कले लिलाम बिक्री गरी असूल उपर गर्दा त्यस्तो धितोबाट बैंङ्कको साँवा र ब्याजको पूरा रकम असूल उपर हुन नसकेमा असूल उपर हुन नसकेको जति रकम सो व्यक्ति, उद्योग, ग्राम समिति वा संगठित संस्थाको अरू जायजेथाबाट समेत बैंङ्कले लिलाम बिक्री गरी असूल उपर गरी लिन सक्नेछ ।

(४) यस दफाबमोजिम बैंङ्कले कुनै व्यक्तिको नाममा कुनै सम्पत्ति नामसारी गरेमा सम्पत्तिको मालिकसंग सोझै लिए सरह नै सो सम्पत्ति उपर सो व्यक्तिको अधिकार रहनेछ ।

(५) यस दफाबमोजिम लिलाम बिक्री वा अन्य व्यवस्था गरी असूल उपर गरी आएको रकमलाई सम्पत्ति बिक्री वा लिलाम वा अन्य व्यवस्था गर्दा भएको खर्चको रकम र बैंङ्कको साँवा ब्याजको रकम चुक्ता गर्नमा लगाई बाँकी रहन आएको रकम सम्बन्धित व्यक्ति, उद्योग, ग्राम समिति वा संगठित संस्थालाई दिइनेछ ।

(६) यस दफाबमोजिम बैंङ्कले लिलाम वा बिक्री गर्दा लिलाममा सकार्ने वा बिक्रीमा लिने व्यक्तिको नाउँमा सो जायजेथा प्रचलित नेपाल कानूनबमोजिम

---

३२ पहिलो संशोधनद्वारा थप भई तेस्रो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

रजिष्ट्रेशन वा दाखिल खारेज नामसारी गरिदिनको लागि बैंङ्कले सम्बन्धित कार्यालयमा लेखी पठाउन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज नामसारीको लागि बैंङ्कबाट लेखी आएमा सम्बन्धित कार्यालयले पनि रजिष्ट्रेशन वा दाखिल खारेज नामसारी गरिदिनु पर्नेछ ।

(८) यस दफाबमोजिम बैंङ्कले लिलाम वा बिक्री गर्दा कसैले नसकारेमा बैंङ्कले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित सरकारी कार्यालयहरूले बैंङ्कको जनाउबमोजिम आफ्नो कार्यालयमा रहेको श्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिल खारेज नामसारी गरिदिनु पर्छ ।

[३३](९) उपदफा (७) वा (८) बमोजिम दाखिल खारेज भएपछि सम्बन्धित व्यक्ति वा बैंङ्कले आफ्नो सम्पत्ति भोगचलन गर्न जाँदा सो सम्पत्ति छाडिदिनु पर्ने व्यक्तिले घिन्याई गरेको वा जवरजस्ती गरेको उजूरी परेमा प्रचलित कानूनबमोजिम उक्त सम्पत्ति चलन चलाईदिनु पर्नेछ ।

## परिच्छेद-४

## साधारण सभा र असाधारण सभा

२१. **साधारण सभा** : [३४](१) दफा २७ बमोजिम बैंङ्कको वार्षिक हिसाब तयार भएको तीन महीनाभित्र अध्यक्षले तोके अनुसारको मिति तथा ठाउँमा बैंङ्कको वार्षिक साधारण सभा बस्नेछ ।

[३५](२) साधारण सभामा बैंङ्कको जम्मा शेयर संख्याको पचास प्रतिशतसम्म शेयरको शेयरधनीहरू स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित नभई सभाको कार्य सञ्चालन हुने छैन ।

तर सो बमोजिमको संख्यामा शेयरधनीहरू वा निजका प्रतिनिधिहरू उपस्थित नभई सो दिन सभा हुन नसकेमा त्यस्को भोलिपल्ट सभा हुनेछ र त्यसमा जतिसुकै संख्यामा शेयरधनीहरू वा निजका प्रतिनिधिहरू उपस्थित भए पनि सभाको कार्य सञ्चालन गर्न बाधा हुने छैन ।

---

३३ चौथो संशोधनद्वारा थप ।
३४ पहिलो संशोधनद्वारा संशोधित ।
३५ पहिलो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

(३) साधारण सभाको अरू कार्य प्रणाली तोकिएबमोजिम हुनेछ ।

२२. **साधारण सभाको काम, कर्तव्य र अधिकार** : साधारण सभामा देहायका कुराहरू पेश हुने र तत्सम्बन्धमा सो सभाको निर्णय अन्तिम हुनेछ :-

(क) वार्षिक हर हिसाब,

(ख) बैंङ्कको कामकाजसम्बन्धी वार्षिक प्रतिवेदन,

(ग) वासलात (व्यालेन्ससिट),

(घ) लाभहानीको हरहिसाब,

(ङ) लेखापरीक्षकको र समितिको प्रतिवेदन,

(च) समितिले पेश गरेको लाभांश,

(छ) सञ्चालकको निर्वाचनसम्बन्धी विषयहरू,

(ज) लेखापरीक्षकको नियुक्ति,

(झ) लेखापरीक्षकको पारिश्रमिक,

(ञ) समितिको सुझाव, र

(ट) अन्य भैपरी आउने आवश्यक विषयहरू ।

२३. **विशेष सभा** : (१) शेयरधनीहरूमध्ये २५ प्रतिशतले लिखित अनुरोध गरेमा वा सञ्चालक समितिले उचित ठहराएमा जुनसुकै बखत पनि विशेष सभा बोलाउन सकिनेछ ।

(२) विशेष सभासम्बन्धी गणपूरक संख्या शेयरधनीहरूको जम्मा संख्याको कम्तीमा पच्चीस प्रतिशत हुनेछ ।

(३) विशेष सभासम्बन्धी अरू कार्यप्रणाली तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-५

## कोष, हिसाब र लेखापरीक्षण

२४. **बैंङ्कको कोष** : बैंङ्कको आफ्नो छुट्टै कोष रहनेछ । बैंङ्कलाई जुनसुकै श्रोतबाट प्राप्त हुने रकम सोही कोषमा जम्मा गरिनेछ र बैंङ्कको तर्फबाट खर्च गर्नु पर्ने सबै रकमहरू पनि सोही कोषबाट व्यहोरिनेछ ।

[३६]**२५. कोषको व्यवस्था** : (१) बैङ्कले प्रत्येक वर्ष आफ्नो खूद मुनाफाबाट कमसेकम बीस प्रतिशतरकम कट्टा गरी जगेडा कोषको स्थापना गर्नु पर्नेछ । त्यस्तो रकम बैंङ्कको चुक्ता शेयर पूँजी बराबर नभएसम्म राख्नु पर्नेछ ।

(२) जगेडा कोषको रकम सुरक्षित रूपमा लगानी गर्न बाहेक अन्यत्र ऋण दिन वा खर्च गर्न पाइने छैन ।

(३) बैंङ्कले विभिन्न कार्यका लागि छुट्टाछुट्टै कोष खडा गरी त्यस्तो कोषबाट ऋण दिन वा खर्च गर्न सक्नेछ ।

[३७]**२५क. जोखिम व्यहोर्ने कोष** : बैंङ्कले आफ्नो कूल सम्पत्ति वा वासलात बाहिरको कारोबारको दायित्वसम्बन्धी जोखिमलाई खाम्न सक्ने गरी राष्ट्र बैंङ्कले तोकिदिएबमोजिमको अनुपातमा जोखिम व्यहोर्ने कोष राख्नु पर्नेछ ।

**२६. हिसाब किताब** : (१) समितिले बैंङ्कको कारोबारको वास्तविक स्थिति दुरुस्त देखिने गरी आवश्यक हिसाब किताबहरू र अरू लिखतहरू तोकिएबमोजिम राख्नु पर्छ ।

(२) शेयरधनीले बैंङ्कको हिसाब किताब र अरू लिखतहरू जुनसुकै बखत हेर्न सक्नेछ र बिना दस्तुर नक्कल लिन सक्नेछ ।

**२७. वासलात (व्यालेन्ससिट) र लाभ हानीको हरहिसाब** : आर्थिक वर्ष अन्त भएको ३ महीनाभित्र बैंङ्कले आफ्नो वासलात र लाभ हानीको हिसाब राष्ट्र बैंङ्कले तोकिदिएको ढाँचा र तरीका अनुसार तयार गर्नु पर्छ र त्यसमा बैंङ्कका प्रबन्धक, मुख्य एकाउण्टेण्ट र आधाभन्दा बढी सञ्चालकहरूको सहिछाप परेको हुनुपर्छ ।

**२८. लेखापरीक्षण** : (१) साधारण सभाले नियुक्ति गरेको लेखापरीक्षकले बैंङ्कको लेखापरीक्षण गर्नेछ ।

तर पहिला पटक लेखापरीक्षकको नियुक्ति समितिले गर्नेछ ।

(२) लेखापरीक्षकले साधारण सभाको निर्णयबमोजिम पारिश्रमिक वा भत्ता बैंङ्कको कोषबाट पाउनेछ ।

(३) लेखापरीक्षकको नियुक्तिसम्बन्धी योग्यता तथा अधिकार र कर्तव्य [३८]लेखापरीक्षकसम्बन्धी ऐन, २०३१ बमोजिम हुनेछ ।

---

३६ पाँचौं संशोधनद्वारा संशोधित ।
३७ पाँचौं संशोधनद्वारा थप ।





नेपाल कानून आयोग

# परिच्छेद-६

## श्री ५ को सरकारको अधिकार

२९. **श्री ५ को सरकारको अधिकार** : (१) बैंङ्कको कारोबारको निरीक्षण तथा जाँचबुझ गराउन सार्वजनिक हितको निमित्त आवश्यक छ भन्ने लागेमा श्री ५ को सरकारले बैंङ्कको जुनसुकै कार्यालय जुनसुकै बखत निरीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएका निरीक्षकले मागेको खाता, हर हिसाब र कागजपत्र र बैंङ्कसम्बन्धी आवश्यक सूचना दिनु बैंङ्क र बैंङ्कका सम्बन्धित सबै कर्मचारीको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम निरीक्षणको फलस्वरूप बैंङ्कको कुनै कारवाईमा कुनै त्रुटि देखिएमा सो त्रुटि हटाउन वा बैंङ्कको अन्य कुनै काम कारवाईको सम्बन्धमा कुनै किसिमको प्रतिवेदन श्री ५ को सरकारमा पेश गर्न आवश्यक देखेमा निरीक्षकले सुझाव सहितको प्रतिवेदन श्री ५ को सरकारमा पठाउनेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि सो उपर विचार गरी श्री ५ को सरकारले बैंङ्कलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनलाई कार्यान्वित गर्नु बैंङ्कको कर्तव्य हुनेछ ।

३०. **निरीक्षकको अधिकार र कर्तव्य** : निरीक्षकले जाँचबुझको निमित्त सबूद प्रमाण बुझ्ने र दाखिल गराउने, सम्बन्धित कागजपत्रहरू आफ्नो जिम्मा लिने, सरजमीन मुचुल्का गराउने, बयान गराउने आदि सम्बन्धमा जिल्ला अदालतलाई प्रचलित नेपाल कानूनबमोजिम प्राप्त भएको सबै अधिकारको प्रयोग गर्न पाउने छ ।

३१. **प्रतिवेदन गोप्य राख्न सकिने** : श्री ५ को सरकारले निरीक्षकको प्रतिवेदन सम्पूर्ण वा आंशिकरूपमा आवश्यकतानुसार गोप्य राख्न सक्नेछ ।

तर सो प्रतिवेदनका आधारमा कसैमाथि अदालती कारवाई चलेमा अदालतमा सो प्रतिवेदन पेश गर्न अनिवार्य हुनेछ ।

३२. **सञ्चालक समितिलाई मुलतवी राख्ने** : (१) दफा २९ अन्तर्गतको प्रतिवेदन प्राप्त भएपछि समितिलाई मुलतवी राख्नु पर्ने अवस्था पर्न आएको छ भन्ने श्री ५ को

३८ तेस्रो संशोधनद्वारा संशोधित ।





नेपाल कानून आयोग

सरकारलाई लागेमा श्री ५ को सरकारले समितिलाई मुलतवी राखी यो ऐनबमोजिम बैंङ्क सञ्चालन गर्न राष्ट्र बैंङ्कलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशन प्राप्त भएमा राष्ट्र बैंङ्कले बैंङ्कको कार्य सञ्चालन गर्न कुनै अधिकारी वा संस्थालाई मुकरर गर्न सक्नेछ र समितिलाई भएको सबै अधिकार र कर्तव्य त्यस्तो अधिकारी वा संस्थाले पनि प्रयोग र पालन गर्न सक्नेछ ।

(३) [३९]..................

३३. **बैंङ्कको विघटन** : देहायको अवस्थामा बैंङ्कको विघटन हुनेछ :-

(क) दफा २९ अन्तर्गतको प्रतिवेदन प्राप्त भएपछि श्री ५ को सरकारलाई यो ऐनबमोजिम काम गर्न बैंङ्क असमर्थ छ भन्ने लागी श्री ५ को सरकारले बैंङ्क विघटन गर्न आदेश दिएमा, वा

(ख) ७५ प्रतिशत शेयरधनीहरूले बैंङ्क विघटन होस् भन्ने माग गरी दिएको निवेदनपत्र श्री ५ को सरकारबाट स्वीकृत भएमा ।

३४. **लिक्विडेटरको नियुक्ति** : (१) दफा ३३ बमोजिम बैंङ्कको विघटन हुने भएमा श्री ५ को सरकारले लिक्विडेटरको नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ति भएको लिक्विडेटरको कर्तव्य र अधिकार कम्पनी ऐन, २०२१ अन्तर्गतको सरकारी लिक्विडेटर सरह हुनेछ ।

(३) लिक्विडेटरलाई श्री ५ को सरकारले तोकिदिएको पारिश्रमिक वा भत्ता बैंङ्कको कोषबाट प्राप्त हुनेछ ।

३५. **प्राथमिकताको क्रम** : बैंङ्क विघटन गर्दा निम्नलिखित प्राथमिकता क्रमानुसार ऋण भुक्तानी दिनु पर्छ :-

(क) विघटन गर्दा लागेको खर्च,

(ख) मजदूरहरूका दिन बाँकी मजूरी,

(ग) मुद्दती खाताका डिपोजिटहरू,

(घ) बचत खाताको रकम,

---

३९ अर्थसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४७ द्वारा झिकिएको ।



नेपाल कानून आयोग

(ङ) अन्य डिपोजिटहरू,

(च) अन्य ऋणहरू,

(छ) डिवेञ्चर र बण्डबाट प्राप्त ऋण,

(ज) बैंङ्कको कर्मचारीले पाउनु पर्ने पारिश्रमिक, र

(झ) मालपोत, कर वा अन्य [४०]सरकारी कार्यालयलाई कानूनबमोजिम बुझाउनु पर्ने रकम ।

## परिच्छेद-७

## विविध

३६. **सजाय** : (१) कसैले यो ऐन अन्तर्गत वा यस ऐनको प्रयोजनको निमित्त तयार गर्नु पर्ने वा राख्नु पर्ने वा पेश गर्नु पर्ने कुनै विवरण हिसाब किताब वा सूचना वा अरू लिखतमा जानी जानी झुट्ठा व्यहोरा पारेमा वा कुनै व्यहोरा पार्न छुटाएमा निजलाई दुई वर्षसम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) कसैले बैंङ्कको लिखित स्वीकृति नलिई कुनै विवरणपत्र वा विज्ञापनमा बैंङ्कको नाम प्रयोग गरेमा निजलाई ६ महीनासम्म कैद वा दुईसय पचास रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) कसैले जानी जानी वा बदनियतले यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियमबमोजिम आफूले गर्नु पर्ने कुनै काम कारवाई नगरी वा गर्न नहुने कुनै काम कारवाई गरी बैंङ्कलाई क्षति पुऱ्याएमा वा पुऱ्याउने उद्योग गरेमा नोक्सानी बिगो असूल गरी निजलाई तीन वर्षसम्म कैद वा तीनहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(४) यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम अन्तर्गत भएको कुनै आदेश वा निर्देशनको उल्लंघनगरेमा वा त्यस्तो आदेश वा निर्देशबमोजिम पूरा गर्नु पर्ने कुनै काम गर्दा जानी जानी कुनै त्रुटी गरेमा यस्ता उल्लंघन वा त्रुटि गर्ने बैंङ्कको हरेक सञ्चालक वा कर्मचारीलाई पाँचसय रुपैयाँसम्म जरिवाना र त्यस्ता उल्लंघन वा त्रुटि लगातार भैरहेमा यस्तो भैइहेको समयमा हरेक दिनको पचास रुपैयाँको दरले थप जरिवाना हुनेछ ।

---

४० अर्थसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४७ द्वारा संशोधित ।



नेपाल कानून आयोग

(५) उपदफा (४) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियमको अरू कुनै कुरा उल्लंघन गरेमा निजलाई एकसय रुपैयाँसम्म जरिवाना हुनेछ ।

३७. **हानी नोक्सानी बारे जवाफदेही** : (१) बैंङ्कको सञ्चालक वा अन्य कुनै अधिकारीले आफ्नो अख्तियारीबमोजिम कामकाज गर्दा बेइमानी चिताएको वा जानी जानी बेहिसाब गरेको रहेनछ भने पर्न आएको हानी नोक्सानीका सम्बन्धमा निज व्यक्तिगत वा सामूहिक रूपले उत्तरदायी हुने छैन ।

(२) यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियमको विपरीत कार्य गरे बापत कसैलाई जरिवाना वा सजाय भएमा निजले व्यक्तिगत रूपमा व्यहोर्नु पर्नेछ ।

३८. **काम कारवाई बदर नहुने** : सञ्चालकको नियुक्ति वा समितिको गठनमा कुनै अनियमितता भएको वा कुनै सञ्चालकको पद रिक्त रहेको कारणले मात्र सञ्चालक वा समितिको कुनै काम कारवाई बदर हुने छैन ।

३९. **बैंङ्क र श्री ५ को सरकारको सम्बन्ध** : यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियमबमोजिम बैंङ्कले श्री ५ को सरकारसँग वा श्री ५ को सरकारले बैंङ्कसँग सम्बन्ध राख्नु पर्दा श्री ५ को सरकारले सूचित आदेशमा तोकेको मन्त्रालय मार्फत राख्नु पर्छ ।

[४१]४०. **राष्ट्र बैंङ्कले निरीक्षण गर्न र आदेश वा निर्देश दिन सक्ने** : (१) राष्ट्र बैंङ्कले बैंङ्कको कारोबारको निरीक्षण गर्न सक्नेछ ।

(२) राष्ट्र बैंङ्कले बैंकिङ्ग तथा वित्तीय व्यवस्था सम्बन्धमा बैंङ्कलाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ । त्यस्तो आदेश तथा निर्देशनको पालना गर्नु बैंङ्कको कर्तव्य हुनेछ ।

४१. [४२]…………………

४२. **बैंङ्कको खाता बही र अन्य श्रेस्ताको निरीक्षण** : कुनै मुद्दा मामिला वा अन्य कुनै कानूनी कारवाईको सिलसिलामा कुनै अदालत वा अधिकारीले बैंङ्कको काम नरोकिने गरी बैंङ्कको खाता बही वा अन्य कुनै श्रेस्ताको निरीक्षण गर्न सक्नेछ र त्यस्तो खाता

---

४१ पाँचौं संशोधनद्वारा संशोधित ।

४२ न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ द्वारा खारेज ।



नेपाल कानून आयोग

बही त्यस्तो अदालत वा अधिकारी छेउ प्रस्तुत गर्नु बैंङ्क तथा बैंङ्कका सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

४३. **सहकारी बैंङ्क गाभिने** : सहकारी बैंङ्क ऐन, २०१९ अन्तर्गत स्थापित भएको सहकारी बैंङ्क यो ऐन अन्तर्गत स्थापित हुने बैंङ्क स्थापित भएको मितिदेखि यसमा गाभिएको मानिनेछ र त्यस बैंङ्कको सबै शेयर पूँजी सम्पत्ति र दायित्व यस बैंङ्कमा सरेको मानिनेछ ।

४४. **नियम र विनियमहरू बनाउने अधिकार** : (१) आफ्नो काम कारवाई व्यवस्थित रूपले सञ्चालन गर्न र यो ऐनको उद्देश्यहरू कार्यान्वित गर्न बैंङ्कले नियम विनियमहरू बनाउन सक्नेछ ।

तर श्री ५ को सरकारबाट स्वीकृत नभई ती नियम वा विनियमहरू लागू हुने छैन ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी नियम र विनियमहरूद्वारा खासगरी देहायका कुराहरूको व्यवस्था गर्न सकिनेछ :-

(क) समितिको बैठक बस्ने समय, स्थान र तत्सम्बन्धी कार्यविधि बारे,

(ख) समितिले महाप्रबन्धक वा अन्य प्रशासकीय अधिकारी र महाप्रबन्धकले वा प्रशासकीय अधिकारीले आफूभन्दा मुनिका कर्मचारीलाई अख्तियारी सुम्पने बारे,

(ग) बैंङ्कका कर्मचारी र सल्लाहकारहरूको नियुक्ति, प्रमोशन सरुवा, बर्खासी, पारिश्रमिक, निवृत्तभरण, उपदान, बोनस, बिदा, आचरण एवं अनुशासन र सेवासम्बन्धी शर्तहरू बारे,

(घ) सञ्चालकलाई बैंङ्कका तर्फबाट दिइने पारिश्रमिक बारे,

(ङ) बैंङ्कले राख्नु पर्ने हर हिसाब, खाता बही वा अन्य श्रेस्ता कागजात र त्यसको ढाँचा बारे,

(च) बैंङ्कको छाप चलाउने बारे,

(छ) बैंङ्कको तर्फबाट गरिने पट्टा कबुलियतसम्बन्धी कुराहरू बारे,



नेपाल कानून आयोग

(ञ) बैंङ्कको तर्फबाट गर्नुपर्ने मुद्दा मामिला वा अन्य कानूनी कारवाईको परिचालन बारे,

(झ) बैंङ्कका कर्मचारीहरूको निमित्त सञ्चय कोष वा अन्य कुनै कोष खडा गर्ने र त्यस्तो व्यवस्था गर्ने बारे,

(ञ) जगेडा कोषसम्बन्धी व्यवस्थाहरू बारे, र

(ट) साधारणतः यो ऐन अन्तर्गत बैंङ्कले गर्नुपर्ने अन्य सबै काम कारोबारको व्यवस्था बारे ।

४५. **बाधा अड्काउ फुकाउने अधिकार** : यो ऐनमा लेखिएको कुनै कुराको कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा श्री ५ को सरकारले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ र सो आदेश नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

४६. **बाँझिएमा गर्ने** : यो ऐन र यो ऐन अन्तर्गत बनेको नियम वा विनियमहरूमा लेखिएको कुराहरूलाई सोहीबमोजिम र अरूमा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

४७. **खारेजी** : सहकारी बैंङ्क ऐन, २०१९ खारेज गरिएकोछ ।[1]

नेपाल कानून आयोग

---

[1] द्रष्टव्यः-(१) कृषि विकास बैंक (तेश्रो संशोधन) ऐन, २०३३ द्वारा रूपान्तर गरिएका शब्दहरू :-

"जनरल मेनेजर" र "मेनेजर" भन्ने शब्दहरूको सट्टा क्रमशः "महाप्रबन्धक" र "प्रबन्धक"

(२) कृषि विकास बैंक (पाँचौ संशोधन) ऐन, २०४६ द्वारा रूपान्तर गरिएका शब्दहरू :-

"सहकारी संस्था" भन्ने शब्दको सट्टा "साझा संस्था"